# सखुवा प्रसौनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

## सखुवा प्रसौनी, पर्सा
## मधेश प्रदेश, नेपाल
## (रोजगार सेवा केन्द्र)

मितिः-२०८२/१२/०५ गते

===========================================================

**सूचना!** **सूचना!!** **सूचना !!!**

**बेरोजगार व्यक्तिहरु सूचीमा सूचीकृत हुन निवेदन दर्ता गर्ने सम्बन्धी सूचना**

प्रस्तुत बिषयमा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ को उपदफा २(थ),रोजगारीको हक सम्बन्धी ऐन,२०७५ को दफा ११ को उपदफा १,रोजगारीको हक सम्बन्धि (दोस्रो संशोधन)नियमावली,२०७५ को नियम ७ को उपनियम १ र राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (संञ्चालन तथा व्यवस्थापन) निर्देशिका,२०८२ को दफा १४ (२) बमोजिम अगामी आ.ब.२०८३।८४ मा सञ्चालन हुने रोजगारमुलक कार्यक्रमहरुमा सहभागि हुनका लागि बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन ईच्छुक १८ बर्ष देखी ५९ बर्षभित्रको बेरोजगार व्यक्तिहरु बेरोजगार सूचीमा सूचिकृत हुनका लागि यस नगरपालिका अन्तर्गत स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा स्वंयम् उपस्थित भई मिति२०८२ चैत २० गतेभित्र तोकिएको ढाचाँमा निवेदन दिनु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक कागजातहरुः-**

(क) निवेदकको नेपाली नागरिताको फोटोकपि-१ प्रति

(ख) आवेदकको फोटो- १ प्रति

(ग) परिवारमा रहेको सदस्यहरुको नागरिताको फोटोकपि

(घ) बसाईसराईको फोटोकपि -१ प्रति ( स्थायी विवरण खुलाउन हकमा)

(ङ) विवाह दर्ताको फोटोकपि-१ प्रति (महिला आवेदकको स्थायी विवरण खुलाउन हकमा

(च) निवेदकले कुनै सीपमूलक तालिम लिएको भए सो को प्रतिलिपिक-१ प्रति

**सुचीकरण प्रक्रियाः-**

(क) रितपूर्वक प्राप्त आवेदनलाई वडा कार्यालयले छानविन गरी बेरोजगार ठहर हुने सबै मापदण्ड पुरा गरेको प्रमाणित गर्नु पर्ने ।

(ख) प्राप्त प्रमाणित निबेदनलाई स्थानीय निर्देशक समितिले थप छानविन गरी बेरोजगार व्यक्तिको अन्तिम सूचि गाँउ पालिका/नगर कार्यापालिका स्वीकृतिको लागि सिफारिस गर्नु पर्ने ।

(ग) स्थानीय तहले बेरोजगार व्यक्तिको व्यक्तिगत विवरण प्रधानमन्त्री रोजगार कार्यक्रमको रोजगार व्यवस्थापन सूचना (EMIS) प्रणालीमा प्रविष्टि गरे पछि मात्र बेरोजगार व्यवस्थापन सूचना प्रणालीसँग भिडाई आधिकारीक विवरण प्राथमिकतासाथ अन्तिम सूची निर्धारण गर्ने।

**किरण गिरी**
**रोजगार शाखा**

**"न्यूनतम रोजगार — नागरिकको अधिकार"**